- स्वागतम्

*"उच्च हिमाली,विविधतायुक्त,व्यापारिक र पर्यटकिय शहर :समृद्ध हाम्रो सिमकोट नगर"*

# सिमकोट गाँउपालिकाको कार्यालय


## गाँउकार्यपालिकाको कार्यालय

## सिमकोट, हुम्ला





# सिमकोट गाउँपालिका, हुम्ला



# सिमकोट गाँउपालिकाको आवधिक सोच,लक्ष्य र उदेश्यहरु

# आवधिक सोच:

"उच्च हिमाली,विविधतायुक्त,व्यापारिक र पर्यटकिय शहर ,समृद्ध हाम्रो सिमकोट नगर"

सिमकोटलाई दीर्घकालमा नेपाल, चीन र भारत तीन देशबीचको एक प्रमुख पर्यटकिय,व्यापारिक केन्द्र र नेपालको उच्च भुभागमा एक प्रमुख समृद्ध शहरका रुपमा स्थापित गर्ने सोच राखेको छ ।

## लक्ष्य ( योजना अवधि (२०७९।०८०–२०८३।८४) को अन्त्यसम्ममा,

- कृषि, पशु, वन, सेवा र अन्य क्षेत्रमा उल्लेख्य मात्रामा व्यापार, व्यवसायको विकार विस्तार भएको हुनेछ । लघु, घरेलु, साना तथा मझौला गरी गाउँपालिकाभित्र कुल १०० उद्योग व्यवसाय सञ्चालनमा आएका हुनेछन्।
- उद्योग व्यवसाय गाउँपालिकाको एउटा प्रमुख पेशा÷आर्थिक क्षेत्रका रुपमा स्थापित भएको हुनेछ । गाउँपालिकाभित्रै सञ्चालित उद्यम व्यवसायमा गाउँपालिकाका करिब ४० प्रतिशत घरधुरी (१५०० जना) ले स्व÷रोजगार प्राप्त गरेका हुनेछन्।
- ६० किमी पक्की सडक निर्माण भएको हुनेछ तथा कुल १०० कि.मी सडक सञ्जाल विस्तार भई बाह्रै महिना यातायात सञ्चालन भई गाउँपालिकाभित्रको आन्तरिक पहुँच र आवद्धतामा उल्लेख सुधार भएको हुनेछ ।

# उदेश्यहरु :

उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्ने ड्ड गाउँपालिकालाई व्यापारिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने

- बसोबास, बजार, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,वनको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्ने
- दीगो फोहोरमैला व्यवस्थापन एवम्वातावरणीय स्वच्छताको अवस्था हासिल गर्ने
- समुदायलाई विपद्उत्थानशील र पूर्वाधारलाई विपद्प्रतिरोधी बनाउने
- सेवा प्रवाह तथा विकासका उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउन

# सिमकोट गाँउपालिकाको आ.व. २०७९।८०

## का मुख्य नितिहरु, कार्यक्रम

# आर्थिक विकास

## कृषी तथा पशु तर्फ

१. कृर्षी उपज तथा कृर्षि जन्य उत्पादनमा आत्म निर्भरताकालागी उद्यमशिलताको प्रवद्र्धन गर्न मल,विउ, किटनासक औषधिको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन तथा बनार ब्यबस्थामा सहजीकरण गरिने छ।

२. गाँउपालिका भित्र रहेका वाझो जग्गाहरुको एकिकृत तथ्यांक संकलन गरि सोको पुर्ण उपयोगको ब्यस्था मिलाउन भुमि बैकको अवधारण कार्यान्वयन गरि त्यसलाई प्रौत्साहीत गर्न घरसहुलियत तथा अनुदानको ब्यस्था गरिने छ।

३. कृषीलाई आधुनिक तथा ब्यबसयीकरण गरि रोजगारी मार्फत गरिवी न्युनीकरणमा टेवा पुरयाउने गरि कार्यक्रम तथा योजना तयार गरिने छ।

४.जैविक कृषी उत्पादन क्षेत्र घोषणा गरि राष्टिय तथा अन्तराष्टिय पर्यटकिय क्षेत्रको नमुना गन्तब्य बनाईने छ।

५. दिगो अर्थतन्त्रको विकासका लागी गाँउपालिकामा एक घर एक बगैचाको नितिलाई निरन्तरता दिईने छ।

६.कृषी उत्पादन राम्रो हुने क्षेत्रको पहिचानगरि उक्त क्षेत्रहरुलाई एकल कृषी उत्पादन पकेट क्षेत्र घोषणा गरिने छ सोका लागीका लागी माटो परिक्षण, कषी पर्वद्धन र विकास गर्न आवश्यक कार्यक्रम तयार गरि कार्यान्वयन गरिने छ।

७.उन्नतजातको पशुपालनका लागी नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै वाख्रा, भेडा च्यांग्रापालन , मौरी पालन तथा मत्स्य पालन ब्यबसायलाई प्रोत्साहन गरिने छ।

# सहकारी नीति

१. सम्वृद्धीका लागी सहकारी अभियानलाई सफल पार्न साना ब्यबसायमा संलग्न ब्यक्ति तथा समुहलाई सहकारीमा आवद्ध गराई आत्मनिर्भर गराउने नीति लिईने छ ।

२.विद्युतिय प्रणाली मार्फत सहकारी सस्थाको दर्ता , नियमन र प्रवद्र्धन गरिने कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ । सहकारी संस्थाहरुको सस्थागत क्षमता अभिवृदीका लागी एकीकरण गर्ने कार्यलाई प्रात्साहन दिईने छ ।

३. सहकारीको माध्यमवाट साना तथा घरेलु उद्योग सन्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिईने छ ।

४.गाँउपालिका क्षेत्र भित्र छरिएर रहेका एवं ब्यस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्यांक संकलन गरि सरोकारवाला निकायहरु संग छलफल एवं बहस गरि सहकारी सस्थाहरुको आवश्यक ब्यबस्थापन गरिने छ ।

# उद्योग तथा वाणिज्य

१. स्थानीय जडीवुटी तथा कृषी उत्पादनमा आधारीत साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिईने छ ।

२. स्थानीय उत्पादनमा आधारित सामानहरुको वजार सुनिश्चत गर्न पहल गरिने छ । साथै स्थानीय उत्पादन बस्तुहरुलाई प्रयोगमा ल्याउन जोड दिईने छ ।

# पर्यटन प्रवद्र्धन

१.गाँउपालिको सम्भाव्य प्रर्यटकीय स्थलहरुको पहिचान , सम्भाव्यता अभ्ययन गरि सोका लागी वृतचित्र निर्माण तथा विकास गरि आन्तरिक तथा वाहिय पर्यटन प्रवद्र्धन गरिने छ ।

२.पर्यटकिय गन्तब्यकोरुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाँपालिका रहेको हुदा ति पर्यटकहरुको यस गाँपालिकामा इलभ म्बथ त्तबथ गराई लम्ब्याउन गाँउपालिका भित्रका पर्यटकियस्थलहरु खार्पुनाथ मन्दिर, शिव मन्दिर, रलिङ तिर्थ, पन्चमुखी हिमाल, दुधे दह, लडे दह, चाङला हिमाल लगायतको थप विकास तथा विस्तार र सुधारमा विशेष ध्यान दिईने छ । साथै प्रचार प्रसारमा ध्यान दिईने छ ।

# सार्वजनि निजि साझेदारी नीति

- सार्जजनिक निजि साझेदारीमा सन्चालन गरिने कार्यक्रम लाई प्राथमिकता दिईने छ । सार्वजनिक निजि साझेदारीमा सन्चालित हुने परियोजनाहरुको पहिचान , अध्ययन, विश्लेषण, मुल्यांकन तथा छनौट गरि अघि वढाईने छ । जनस्वास्थ्य , शिक्षा, उद्यमशिलता तथा वातावरणको दिगो विकासका लागी Public Private Partnership कार्यक्रमको शुरुवात गरिने छ ।

# सामाजिक विकास

## शिक्षा

१. सिमकोट गाँउपालिका भित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिने छ ।

२. गाँउपालिका भित्र रहेका विद्यालयहरुवाट गरिव तथा जेहन्दार छात्र तथा छात्राहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागी उचित छात्रवृतिका लागी पहल गरिने छ ।

३. गाँउपालिका भित्ररहेका विद्यालयहरुमा विद्यार्थी भर्ना दर १०० प्रतिशत पुरयाउन विभिन्न कार्यक्रमहरु सन्चालन गरिने छ ।

४. विद्यार्थी शिक्षक अनुपात हेरी विभिन्न कानुनी नियम हरु बनाई आन्तरिक अनुदान दिने ब्यस्बस्था मिलाउन आन्तरिक आय बढाउन जोड दिनई छ ।

५. लोकसेवा आयोगको तयारी कक्षा सन्चालन गरिने छ ।

६. पुरानो सस्कृति जगेर्नाका लागी उचित ब्यबस्था गरिनेछ ।

७. रोजगारमुलक कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

८. वालविवाहलाई न्युनिकरण गर्न जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

९. सामाजिक रुपान्तरण क्षेत्रमा कार्यरत संघ सस्थाको सस्थाकगत विकास कार्यमा जोड दिईनेछ ।

# स्वास्थ्य तथा पोषण नीति

१. सर्वब्यापी पहुँचको अवधारण अनुसार गाँउपालिकावासी द्धन्द्धपीडित एकल महिला जेष्ठ नागरिक अपांगता सुत्केरी महिला र दिर्भरोगीहरुलाई निः शुल्क आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२. सुरक्षित मातृत्व , वालस्वास्थ्य, किशोरावस्थाको स्वास्थय, प्रजनन् स्वास्थय तथा परिवार नियोजन सेवाको विकास र विस्तार गरि पहँच सुनिश्चित गरिनेछ ।

३. गाउपालिका भित्र सन्चालन हुने सामुदायीक, निजि तथा गैरसरकारी क्षेत्रका सेवाप्रदायक स्वास्थ्य सस्थाहरुवाट प्रदान गरिने स्वास्थय सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य , अनुगमन तथा नियमन गर्ने ब्यस्था गरिनेछ ।

४. यस गाउपालिका भित्रका निजि तथाल सामुदायीक विद्यालयका विद्यार्थीहरुलाई नियमित स्वास्थय जाँच गरिनेछ ।

५. वातावरणवाट स्वास्थयमा पर्ने प्रतिकुल असरहरु न्युनिकरण तथा ब्यस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन , प्रवद्र्धन र ब्यबस्थापन गरि गाँउपालिका वासीको स्वच्छ वातावरणमा वाच्न पाउने अधिकार सुनिश्चत गरि जेष्ठ नागरिक, अपांगता, असहाय, अशक्त महिलाहरुलाई घरदैलो कार्यक्रम मार्फ स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

६. शिविर मार्फत शिषेशज्ञ स्वास्थय सेवा गाँउघरमा पुरयाईनेछ ।

७. अध्यक्ष उपाध्यक्ष ल्याउदैछन कोसेली, गाँउटोल हामी खुशीयाली कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई प्रोत्साहन गरिने छ ।

# खानेपानी तथा सरसफाई

१. सफा खानेपानी तथा पुर्ण सरसफाईका लागी विशेष ध्यान दिईनेछ ।

२. सिसा र प्लास्टिक रहित गाँउपालिका निर्माणका लागी विभिन्न कार्यक्रमहरुको घोषण गरिनेछ ।

३. सफा र स्वच्छ सिमकोट गाँउपालिका निर्माणकालागी त्यहाँवाट निस्कने फोहरमैलाहरुको उचित ब्यबस्थापन गर्न जग्गा प्राप्ती र दिर्घकालीन डम्पीङ साईट निर्माणका लागी विशेष जोड दिईनेछ ।

४. खानेपानी आयोजनाहरुको पहुँच एवं सेवा विस्तारका लागी एक घर एक धाराको नीतिलाई अबलम्बन गरि खानेपानीको गुणस्तरलाई कायम खाख्दै सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्ने अभियान लाई प्राथमिकता दिईने छ ।

५. विद्यालयहरुकोलागी खानेपानी, सरसफाई तथा स्वच्छता अवस्थाको सुधार एवं ब्यबस्थापनका लागी विद्यालयमा तिनतारे पद्धतीको अवलम्बन गरिने छ ।

६. सिमकोट गाँपालिका अन्त्रतगतका सवै वस्तीहरुका क्रमश पुर्ण सरसफाई कार्यक्रममा सहभागी गराई अगाडी वडाईने निति लिईनेछ ।

# लैगिंक समानता तथा सामाजिक समावेशीकरण

१. महिला, वालवालिका, दलित तथा उत्पीडित जनजाती विपन्न सिमान्तकृत अपांगता एवं पछाडी परेका बर्गलाई लक्षित कार्यक्रमहरु उनीहरुवाटै संचालन गर्न उत्प्रेरित गरिने छ। राष्ट्रिय मुलप्रवाहीकरणको नीति अमलम्बन गरिनेछ।

२.मानव वेचविखन, घरेलुहिंसा, पालश्रम, छुवाछुछ तथा सामाजिक कुरिती को रुपमा रहेका प्रथाहरुको सवै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ।

३.महिला वालवालिका, दलित, अपांगता, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम सन्चालनमा सामाजिक संघसस्थालाई परिचालन गरिनेछ। साथै सन्चालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

४.खेलकुद विकासको लागि खेदकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु सन्चालन गरि खेलकुद विकासमा विशेष जोड दिईने छ।

# पुर्वाधार विकास

## सडक तथा पुल

१.यस गाँउपालिकाको भौतिक पुर्वाधारका सम्पुर्ण प्रगतिलाई आधाुनिकीकरण गर्न थप टेवा पुगोस भनि भौतिक पुर्वाधार प्राफाईल तयार गरि थप दक्ष जनशक्ति उत्पादनका लागी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२. सिमकोट गाँपालिकाको केन्द्र देखी सवै वडा सम्म मोटरवाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी वढाईने छ । साथै यस गाँउपालिकाका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागवाट सडक विस्तार तथा निर्माण कार्यलाई जोड दिन पहल गरिनेछ ।

३. गाँउपालिका भित्र आवश्यकठाँउहरुमा साना पक्की पुल तथा झोलुङ्गेपुल निर्माणमा विशेष ध्यान दिईनेछ । साथै ठुला तथा माटरे पक्की पुल निर्माणका लागी सम्बन्धीत निकाय हरु संग पहल गरिने छ ।

४.गोरेटो तथा घोरेटो वाटो निर्माण तथा विस्तार तथा सुधारमा ध्यान दिईने छ ।

५.यस गाँउपालिकाको केन्द्र सिमकोट देखी सवै वडा सम्म १० मि. चौडा सडक सन्चालनको लागि यस आ.व. मा उचित वजेट विनियोजन गरिनेछ ।

६. सिकोट गाँउपालिकामा सन्चाललित सवै सडक नियमित सन्चालनमा ल्याउन सडक मर्मत कोषको ब्यबस्था गरिने छ ।

# सिचाई

१.परम्परागत तथा आधुनिक सिचाई योजनाहरु (थोपा स्प्रिङ्कल लिफ्ट आदी) लाई विशेष प्राथमिकतामा राखीनेछ।

२.गाँउपालिका भित्रका सवै कषी योग्य जमीनहरुमा सिचाई हुने ब्यस्था मिलाईने छ।

# भवन तथा सहरी विकास

१.वडा कार्यालयहरु, स्वास्थय चौकी हरु, विद्यालयका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिईने छ।

२. सम्भाब्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम सन्चालन गर्न पहपल गरिने छ।

३. भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याईने छ।

४. लघुउर्जा तथा साना जलविद्युत (वैकल्पिकउर्जा समेत) (क) गाँउपालिका भित्र वैकल्पिकउर्जा प्रयोगमा जोड दिईने छ।(ख) लघु जलविद्युत योजनाहरुकोलागी विभिन्न सरोकारवालाहरु संग साझेदारीमा जोड दिईने छ। साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणकालागी पहल गरिने छ।

## संचार

१.ब्यवस्थित टेलिफोन तथा ईन्टरनेट सेवाका लागी सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गरिने छ।

२. सुचना तथा संचारमैत्री गाँउपालिका बनाईने छ।

३. विकास संग संचार र संचार संगै विकासको अवधारणलाई आत्मसाथ गरिने छ

# वातावरण तथा विपद ब्यबस्थापन

## बन तथा भुसंरक्षण, जलाधार संरक्षण वातावरण संरक्षण, जलवायु परिवर्तन

१. भुमि र बन क्षेत्रलाई संरक्षण र विकासका लागी वृक्षारोपण तथा भुसंरक्षणका कार्यक्रमहरु सन्चालन गरिने छ।

२. जडिवुटि संकलन तथा प्रशोधन ब्यबस्थापनमा जोड दिईने छ।

३. दुर्लभ पशुपंक्षि एवं बन्यजन्तुको ससमुदायमा आधारीत संरक्षण प्रणाली अवलम्बन गरिने छ।

४. जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु सन्चालन गरिने छ।

५. पानीका मुहान तथा कल कुलेसाहरु संरक्षण तथा ब्यबस्थित गरिने छ। कटान भएका क्षेत्र ब्यबस्थापन गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

६. वातावरण संरक्षण र विपद ब्यबस्थापनका लागी विभिन्न सामाजिक संघ, सस्थाहरु संग समन्वय र सहकार्य गरि अगाडी वढीनेछ।

# फोहरमैला ब्यबस्थापन

१. फोहरमैला ब्यबस्थापनका लागी फोहरमैला उत्पादनमा कमी गर्ने, पुनः प्रयोग गर्ने तथा प्रशोधन गर्ने (Reduce, Reuse, Recycle) नीति अवलम्बन गरिने छ ।

२. डम्पीङसाइडको उचित ब्यबस्थापन गरिने छ ।

# जलउत्पन्न, प्रकोप नियन्त्रण, विपद ब्यबस्थापन, वारुणयन्त्र सन्चालन

१.गाँउपालिकामा एक विपद ब्यबस्थापन कोष स्थापना गरिनेल छ । साथै विपद ब्यबस्थापन सम्बन्धी विभिन्न निकाय संग उचित समन्वय गरिने छ ।

# संस्थागत विकास तथा सेवा प्रवाह

## मानव संसाधन तथा सस्थागत क्षमता विकास

१.गाँउपालिकाको समग्र विकासका लागी विभिन्न तालिम गोष्ठि भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिईने छ ।

२. सेवाप्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन कर्मचारीहरुको क्षमता विकासमा जोड दिई उनीहरुको मनोवललाई उच्च राखी श्रामलाई सम्मान गर्न कायालय समय भन्दा वढि समय काम गर्नु पर्ने कर्मचारीहरुका लागी प्रोत्साहन भत्ता तथा पुरुस्कारको ब्यवस्था गरिने छ ।

३.स्थानीय सिप, श्रोत साधन र क्षमताको अधिकतम उपयोग गर्न विभिन्न सरोकारवाला सामाजिक संघ सस्थाहरुको साझेदारीमा विशेष जोड दिईने छ ।

## वित्तिय ब्यबस्थापन र सुशासन

राजस्व परिचालन, वित्तिय अनुसाशन र वित्तिय जोखीम न्युनिकरण

१.संचित कोषवाट हुने तलव भत्ता लगायत सवै सरकारी भुक्तानी सम्बन्धीत ब्यक्ति तथा सस्थाको बैंक खाता मार्फत मात्र गरिने छ ।

२.आर्थिक मितब्ययितताालाई जोड दिदै सुशासन अभिवृदीमा जोड दिईने छ ।

३. वेरुजु र वेरुजफर्छौटको विषयमा अति सम्वेदनशिलता अप्नाईने छ ।

## राजस्व परिचालन तथा वित्तिय ब्यबस्थापन नीति

१.सिमकोट गाँउपालिकाको आन्तरिक स्रोतसाधानको प्रभावकारी परिचालन गर्न प्रगतिशिल करप्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरमा विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाईने छ ।

२. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परिक्षण र कर परिक्षण कार्यलाई प्रभावकारी बनाईने छ ।

# सिमकोट गाँउपालिकाको आ.व.

२०७९/८० आय र ब्यययको विवरण

# वजेट तथा खर्चको सारांस



| सि नं | शीर्षक | विनियोजन | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| | आर्थिक विकास | २,८२,८७,४०० | १०,८७,४०० | २,२२,००,००० | ५०,००,००० | ० |
| १ | कृषि | १,२९,१२,४०० | ३,९२,४०० | १२,५२०,००० | ० | ० |
| २ | उद्योग | ५७,००,००० | ० | ५७,००,००० | ० | ० |
| ३ | पर्यटन | १५,००,००० | ० | ० | १५,००,००० | ० |
| ४ | जलश्रोत तथा सिंचाई | ५८,९५,००० | ६,९५०,०० | १७,००,००० | ३,५०,००,०० | ० |
| ५ | पशुपंछी विकास | २२,८०,००० | ० | २२,८०,००० | ० | ० |

| सि नं | शीर्षक | विनियोजन | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| | सामाजिक विकास | २४,०५,७६,०४० | १,०४,३८,०६० | २९,५३,६७,९८० | २४,७७,००० | ० |
| १ | युवा तथा खेलकुद | २५,५९,९०० | १४,५९,९०० | ११,००,००० | ० | ० |
| २ | खानेपानी तथा सरसफाई | २६,५८,४००० | २९,३४,००० | १,२१,५०,००० | १,१५,००,००० | ० |
| ३ | भाषा तथा संस्कृति | ६९,७०,००० | २९,७०,००० | १०,००,००० | ३०,००,००० | ० |
| ४ | शिक्षा | १५,५५,५४,७२० | १५,७१,७४० | १५,३९,८२,९८० | ० | ० |
| ५ | स्वास्थ्य | ४,१५,६५,४२० | ९,६०,४२० | ३,०३,३५,००० | १,०२,७०,००० | ० |
| ६ | लैंगिक तथा समानता तथा सामाजिक समावेशीकरण | ७३,४२,००० | ५,४२,००० | ६८,००,००० | ० | ० |

| सि नं | शीर्षक | विनियोजन | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| | सामाजिक विकास | २४,०५,७६,०४० | १,०४,३८,०६० | २९,५३,६७,९८० | २४,७७,००० | ० |
| १ | युवा तथा खेलकुद | २५,५९,९०० | १४,५९,९०० | ११,००,००० | ० | ० |
| २ | खानेपानी तथा सरसफाई | २६,५८,४००० | २९,३४,००० | १,२१,५०,००० | १,१५,००,००० | ० |
| ३ | भाषा तथा संस्कृति | ६९,७०,००० | २९,७०,००० | १०,००,००० | ३०,००,००० | ० |
| ४ | शिक्षा | १५,५५,५४,७२० | १५,७१,७४० | १५,३९,८२,९८० | ० | ० |
| ५ | स्वास्थ्य | ४,१५,६५,४२० | ९,६०,४२० | ३,०३,३५,००० | १,०२,७०,००० | ० |
| ६ | लैंगिक तथा समानता  तथा सामाजिक समावेशीकरण | ७३,४२,००० | ५,४२,००० | ६८,००,००० | ० | ० |

| सि नं | शीर्षक | विनियोजन | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| | पुर्वाधार विकास | ७२०३७०२० | १४,८०,००० | ५,३१,६७,०२० | १,७३,९०,००० | ० |
| १ | यातायात पुर्वाधार | ५३,४३,७०,२० | ८,८०,००० | ३,८१,६७,०२० | १,४३,९०,००० | ० |
| २ | भवन आवास तथा शहरी विकास | १,७४,००,००० | ६,००,००० | १,३८,००,००० | ३०,००,००० | ० |
| ३ | उर्जा | १२,००,००० | ० | १२,००,००० | ० | ० |

| सि नं | शीर्षक | विनियोजन | आन्तरिक श्रोत | अन्तर सरकारी वितिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| १ | शुसाशन तथा अन्तरसम्बन्धित विषय | ४,३२,९७,२०० | ३७,३२,२०० | ३,६५,२५,००० | ३०,००,००० | ० |
| २ | प्रशासन प्रणाली | ५,८५,००० | ५,८५,००० | ० | ० | ० |
| ३ | प्रशासकीय सुशासन | १४,२२,२०० | ४९७२०० | ९,२५,००० | ० | ० |
| ४ | कानून तथा न्याय | १०,००,००० | ० | १०,००,००० | ० | ० |
| ५ | श्रम तथा रोजगारी | १,८६,००,००० | ० | १,८६,००,००० | ० | ० |
| ६ | योजना तर्जुमा र कार्यान्वयन | ५८,००,००० | १५,००,००० | ४३,००,००० | ० | ० |
| ७ | वातावरण तथा जलवायु | २०,००,००० | ० | २०००००० | ० | ० |
| ८ | मानव तथा संशाधन विकास | ११,५०,००० | १,५०,००० | ० | ० | ० |
| ९ | विपद व्यवस्थापन | ५०,००,००० | ० | २०,००,००० | ३,००,००० | ० |
| १० | कार्यालय संचालन तथा प्रशासनिक | ११,६५,८९,७४५।५६ | १०,५१,६९,७४५।५६ | १,१२,४०,००० | १,८०,००० | ० |
| | कुल जम्मा | ५००७४७४०५५६ | १२,१९,०७,४०५।५६ | ३,२८,५००,००० | ५,०३,४०,००० | ० |

# सिमकोट गाँउपालिकाको आ.व. २०७९/८० हाल सम्मको संक्षिप्त प्रगति विवरण

रु. हजारमा

# बजेट तथा खर्च विवरण - संक्षिप्तमा

| सि.नं. | विवरण | चालु | पूँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| १ | बजेट | ३५,७१,७६ | २२,२९,२१ | ० | ५८,००,९७ |
| २ | खर्च | १६,३८,१६ | ४,९२,९० | ० | २१,३१,०७ |
| ३ | खर्च प्रतिशत | ४५.८६ | २२.११ | ० | ३६.७३ |

# श्रोतगत बजेट तथा खर्च - प्रतिशत

| सि.नं. | विवरण | बजेट | खर्च बजेट | खर्च प्रतिशतमा बजेट | श्रोत प्रतिशतमा बजेट |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | ३४,५८,५० | १३,३१,८८ | ३८.५१ | ५९.६१ |
| २ | कर्णाली प्रदेश | ११,२३,४० | २,६९,९७ | २४.०३ | १९.३६ |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४,०० | ० | ० | ०.०६ |
| ४ | राजस्व बाँडफाँड - संघीय सरकार | ८,८९,५५ | ३,८१,३८ | ४२.८७ | १५.३३ |
| ५ | आन्तरिक श्रोत | ३,२५,५२ | १,४७,८२ | ४५.४१ | ५.६१ |
| ६ | जम्मा | ५८,००,९७ | २१,३१,०७ | ३६.७३ | १०० |

# संघीय सरकार वित्तीय हस्तान्तरण - बजेट र खर्च

| सि.नं. | विवरण | बजेट | खर्च | खर्च प्रतिशतमा | श्रोत प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | १०,६३,०० | ३,१८,१७ | २९.९३ | ३०.७३ |
| २ | शसर्त अनुदान चालु | १९,५०,०० | ९,२१,२३ | ४७.२४ | ५६.३८ |
| ३ | शसर्त अनुदान पुँजीगत | ३,४५,५० | ९२,४७ | २६.७६ | ९.९८ |
| ४ | विषेश अनुदान चालु | ५०,०० | ० | ० | १.४४ |
| ५ | समपुरक अनुदान पुँजीगत | ५०,०० | ० | ० | १.४४ |
| ६ | जम्मा | ३४,५८,५० | १३,३१,८८ | ३८.५१ | १०० |

| क्षेत्रगत तथा उपक्षेत्रगत बजेट तथा खर्च | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | बजेट | खर्च | बजेट । खर्च प्रतिशतमा | बजेट । श्रोत प्रतिशतमा |
| १ | आर्थिक विकास | ३,०२,८७ | ५७,२० | १८.८८ | ५.२२ |
| १ | उद्योग | ५७,०० | १४,९९ | २६.३ | ०.९८ |
| २ | कृषि | १,२९,१२ | २३,३३ | १८.०६ | २.२२ |
| ३ | जलश्रोत तथा सिंचाई | ७८,९५ | १४,०६ | १७.८ | १.३६ |
| ४ | पर्यटन | १५,०० | ४,३२ | २८.८ | ०.२५ |
| ५ | पशुपन्छी विकास | २२,८० | ५० | २.१९ | ०.३९ |
| २ | सामाजिक विकास | २८,३२,१२ | १२,७८,६४ | ४५.१४ | ४८.८२ |
| १ | खानेपानी तथा सरसफाई | ३,९७,८४ | १,०३,९५ | २६.१३ | ६.८५ |
| २ | भाषा तथा संस्कृति | १,८३,२० | ५३,९४ | २९.४४ | ३.१५ |
| ३ | युवा तथा खेलकुद | ३२,९६ | २३,०४ | ६९.९१ | ०.५६ |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७५,४२ | २४,६५ | ३२.६९ | १.३ |
| ५ | शिक्षा | १७,२७,०४ | ८,५८,१५ | ४९.६८ | २९.७७ |
| ६ | स्वास्थ्य | ४,१५,६५ | २,१४,८८ | ५१.६९ | ७.१६ |
| ३ | पूर्वाधार विकास | १०,६६,८७ | २,२०,९६ | २०.७१ | १८.३९ |

# आ.व. ०७९।०८० मुख्य क्षेत्रगत उपलब्धीहरु

# महिला वालवालीका तथा जेष्ठ नागरिक तर्फ

- ६८ जनाछोरी खाता खोलि र सो को अभिलेखीकरण गरिएको छ ,
- ३७ जनाअपाङ्गताको कार्ड वितरण गरिएको,
- जम्मा  ७९८ वटा व्यक्तीगत घटना दर्ता  अन्तर्गत अनलाईन प्रणालीमा दर्ता भएको संख्या
- ३११७ जनालाई पहिलो त्रैमासिकमा सामाजीक सरक्षा भत्ता वितरण गरिएको (कुल रकम रु १,७८,५७,६०१।)
- ३२०५ जनालाई दोस्रो त्रैमासिकमा सामाजीक सरक्षा भत्ता वितरण गरिएको (कुल रकम रु १,७९,६0१९०।)
- तेस्रो त्रैमासिकमा सामाजीक सुरक्षा भत्ता वितरणको अन्तिम चरणमा रहेकोछ।

# कृषि तर्फ

- हिउँदे फलफुलमा स्याउ र ओखरका विरुवाहरु  ८ वटै  वडाका १८४ जना कृषकहरुलाई ८५ प्रतिशत अनुदानमा ९३०० विरुवाहरु वितरण ।
- मौसमी हाईव्रिड तरकारी कम्पोजिट पाकेट रायो, पालुङ्गो, स्विसचार्ड, धनिया, फर्सी, मूला, गाँजर, काक्रो,बन्दा,काउली,प्याज,टमाटर प्रत्येक वडा लाई ३०/३० जना गरि जम्मा २५० जना कृषक हरुलाई ८० प्रतिशत अनुदानमा वितरण ।
- कागजी वदाम परीक्षण तथा विस्तार कार्यक्रम अन्तर्गत १३ जना कृषक हरुलाई  ३०० वटा विरुवा वितरण  ।
- च्याउखेती विस्तार कार्यक्रम अन्तरगत ३० जना कृषककहरुलाइ च्याउ खेती उत्पादनका सामान वितरण सम्पन्न
- रैथानेवाली कृषकहरुबाट खरिद गरी खाद्य संस्थानलाई विक्रीवितरण।
- विभिन्न तरकारी सम्वन्धी विउविजनहरु कृषकहरुलाई वितरण  ।

## पशुसेवा तर्फ

- २७७५ वटा पशु चौपायाहरुको मेडिकल उपचार सम्मपन्न भएको छ जसमा १५०, कुखुरा २०५, कुकुर ७ , गाईगोरु १३०४ र भेडा वाख्रा ११०९ रहेकाछन ।
- गाईगोरु १५, भेडा १९, भोडा गधा ३४ गरि जम्मा ६८ वटा पशुहरुको सर्जिकल (बन्ध्याकरण) भएको छ ।
- १६७४० वटा पशु चौपाया लाई एच.एस.बि.क्यू र पिपिआर खोप प्रदान भएको छ ।

## खानेपानी तथा सरसफाई तर्फ

- सुरक्षित खानेपानीयुक्त समुदाय सम्बधि २ दिने तालिम वाट २५ जना लाई क्षमता विकास तालीम प्रदान भएको छ ।
- कोलोरिनेसन मेसिन जडान , पानी परिक्षण सम्बन्धि प्राबिधिकलाई तालिम , पानी परिक्षण सम्बन्धि FRC Assessment at different section र नियमित पानी परिक्षण कार्यक्रम सम्पन्न भएकोछ ।

# स्वास्थ्य तर्फ

- स्वास्थ्य कार्यालयवाट सम्पुर्ण वडाहरुमा कोभिड भ्याक्सीन को खोप लगाईएको
- गाँउपालिका अध्यक्ष उपाध्यक्ष ल्याउदैछन कोसेली कार्यक्रम मार्फत ९८ जना गर्भवती र सुत्केरीलाई हात हातमा पोषण थैली हस्तान्तरण भएको
- २०० जना गर्भवती महिलाहरुको नियमित गर्भजाँच भएको
- नेपाल सरकारवाट प्रदान गरिने १५६ जना वालवालीकाहरु सम्पुर्ण खोपहरु प्रदान गरिएको
- सम्पुर्ण स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र एच एम आईएस प्रणली जडान गरिएको ।
- सिमकोट गाँउपालिकाको कार्यालयमा स्वास्थ्य समन्धी जानकारी प्रदान गर्न अद्यावधिक ड्यास वोर्ड जडान गरि सुचना सम्प्रेषण नियमित भएको ।
- गभर्वती सुत्केरी सेवा,मातृशिशु नबजात विरामीदर सम्बन्धी अनुशिक्षण तथा समीक्षा कार्यक्रम ।
- खोप दिगोपना तथा सरसफाई प्रर्बधन सम्बन्धी महिला स्वास्थ्य स्वयम सेविका अभिमुखीकरण ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम सम्पन्न

## शिक्षा, युवा तथा खेलकुद तर्फ

- यस गाउपालिकामा पूर्व प्राथमिक तहको सहजै देखिने भर्नादरः८९.५ प्रतिशत,कक्षा १ मा बाल विकासको अनुभव सहित भर्ना हुने दरः७१ प्रतिशत ,प्राथमिक तहको खुद भर्ना दरः ९९ प्रतिशत, आधारभूत तहको खुद भर्नादरः ९६.५ प्रतिशत माध्यमिक तहको खुद भर्नादरः६६ प्रतिशत,कक्षा ८ को टिकाउ दरः ७६ प्रतिशत
- कक्षा १० सम्मको टिकाउदरः ४७ प्रतिशत ,आधारभूत तहको कक्षा छाड्नेदरः ५ प्रतिशत र माध्यमिक तहको कक्षा छाड्नेदरः १० प्रतिशत रहेकोछ ।
- शैक्षिक प्रोफाइल छपाई तथा प्रकाशन गरि सार्वजनिक गरिएको ।

## कानुन निर्माण तथा न्यायिक समिति तर्फ

- यस सिमकोट गाँउपालिका मा ११ वटा ऐन र ३९ वटा कार्यविधि तर्जुमा गरि राजपत्रकामा प्रकाशन भई कार्यान्वयन रहेको ।
- यस आ.व मा न्यायीम समितिमा जम्मा २३ वटा उजुरी हरु दर्ता को जसमा मेलमिलाल १५, २ वटा जिल्ला अदालतमा सम्प्रेषण गरिएको र ६ वटा मेलमिलापको प्रक्रियामा रहेको ।

# सुचना प्रविधि तर्फ

- **गाउँपलिअको वेबसाइट:** www.simkotmun.gov.np
- **गाउँपालिको इमेल** :ito.simkotmun@gmail.com/ info@simkotmun.gov.np
- **गाउँपालिको फेसबुक पेज : https://www.facebook.com/simkotrural.municipality**
- **युटुव च्यानल :** https://www.youtube.com/channel/UCNJIy5A5L_k1qbEI0pQvmNQ
- **गाउँपालिकाको स्वास्थ्य ड्यासबोर्ड:** http://dashboard.hmis.gov.np/web?orgid=4
- **गाउँपालिकाको स्वास्थ्य प्रोफाइल :** http://103.233.56.101:5003/profiling/main/simkot
- **गाउँपालिकाको ई-सिफारिस**: http://simkot.hamrosystem.com
- **गाउँपालिकाको Group SMS:** https://web.sparrowsms.com
- **गाउँपालिकाको ILG Pofile:** https://kf.ilgprofile.gov.np/#/
- गाउँपालिका १६वटा आधारभूत विद्यालयहरुमा broadband इन्टरनेट जड्ना सम्पन भई सुचारुरुपले अद्यावधिक भईरहेको जानकारी गर्दछु ।
- गाउँपालिकाको कार्यालयमा नेपाल दूरसंचारको Fiber इन्टरनेट जड्ना सम्पन भई परियोगमा ल्याको छ ।
- गाउँपालिकाको ४ वटा स्वास्थ्य चौकीहरु मा Worldlink 2Mbps internet सुचारुरुपले अद्यावधिक भईरहेको जानकारी गर्दछु ।
- गाउँपालिकाको ८ वडा मध्य ५वटा वडाहरुमा नेपाल दूरसंचारको 4G,3G,2G नेटवर्क सुचारुरुपले अद्यावधिक भईरहेको जानकारी गर्दछु ।

# योजना शाखा तर्फ

- यस सिमकोट गाँउपालिकामा यस आ.व भित्र जम्मा ९५ वटा मुल उपभोक्ता समितिहरु दर्ता भएका छन ।
- यस आ. व. मा जम्मा १३२ वटा आयोजनाहरु छनौट भएकोमा ११९ वटा आयोजनाहरु सम्झौता सम्पन्न भएका छन । ४६ वटा आयोजनाहरुको पेश्की रकम लिई कार्यान्वयनको चरणमा रहेका छन । भने १३वटा आयोजनाहरु सम्झौता हुने प्रक्रियामा रहेका छन । र १५ वटा आयोजनाहरु सम्पन्न भईसकेका छन ।



# फोटोहरु...........................







सिमकोट गाँउपालिकाको आ.व. २०७९ को अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम






टेढे स्वस्थ्य चौकी अनुगमन

# मेलगुडी तटवन्ध निर्माण आयोजनाको अनुगमन







# वुराउसे पञ्चमुखी योजना तथा नाउला घेरवार योजना








वैफुक गुम्वा निर्माण वडा नं १ दोजाम






पानीको गुणस्तर परीक्षण







कोलोरिनेशन गर्नु पुर्व पानीको अवस्था सिमकोट खानेपानी आयोजना



# सुत्केरी आमाहरुलाई पोषणथैली वितरण

- धन्यवाद !

